SPECIAL PROCEDURES
UNITED NATIONS
HUMAN RIGHTS COUNCIL

विकासको अधिकारको व्याख्या

१ मानव
अधिकार
२ आयामहरू
३ तत्वहरू
४ पक्षहरू
५ सिद्धान्तहरू




१ मानव अधिकार

विकासको अधिकार अन्य नागरिक, राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरूजस्तै एक मानव अधिकार हो। यस अधिकारको उल्लेख संयुक्त राष्ट्रसंघको बडापत्र(धारा ५५) र विश्व मानव अधिकार घोषणापत्र (धारा २५ र २८) मा पाइन्छ।
सन् १९८६ को विकासको अधिकारसम्बन्धी घोषणापत्रले यस अधिकारका महत्त्वपूर्ण पक्षहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेको छ।
यो अधिकार क्षेत्रीय मानव अधिकारका दस्तावेजहरू र विभिन्न राष्ट्रका संविधानहरूमा पनि मान्यता प्राप्त अधिकार हो।
अहिले राष्ट्रहरू विकासको अधिकारलाई अन्तर्राष्ट्रिय कानुनी रूपमा सुनिश्चित गर्ने उद्देश्यले एउटा बाध्यकारी कानुनी दस्तावेजको तयारीमा छन्।

सम्बन्धित कर्तव्यहरू

विकासको अधिकार सुनिश्चित गर्न राज्य, निजी क्षेत्र र नागरिक समाज सबैको आ-आफ्ना फरक तर एक अर्काका पूरक जिम्मेवारीहरू हुन्छन्।



२ आयामहरू

विकासको अधिकारमा व्यक्तिगत र सामूहिक दुवै आयाम अन्तर्निहित छन्, किनकि 'प्रत्येक व्यक्ति र सबै जातजातिहरू' लाई यो अधिकार प्राप्त छ।
धेरै अन्य मानव अधिकारहरूमा पनि यस्ता दुवै आयाम हुन्छन् — जस्तै, विचार, विवेक र धर्मको स्वतन्त्रताको अधिकार; शान्तिपूर्ण रूपमा भेला हुने अधिकार; संघ–संस्थामा आवद्ध हुने अधिकार; आफ्नो संस्कृतिको उपभोग गर्ने र आफ्नै भाषा प्रयोग गर्ने अधिकार; ट्रेड युनियन गठन गर्ने अधिकार; र सफा, स्वस्थ र दिगो वातावरणमा बाँच्न पाउने अधिकार।

३ तत्वहरू

प्रत्येक व्यक्ति र सबै जातजातिहरू यसका हकदार छन्:

सहभागी हुनु **योगदान गर्नु** **उपभोग गर्नु**

प्रत्येक व्यक्ति र सबै जातजातिहरू आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकासका हकदार छन्।

विकास सम्बन्धी नीतिहरू, कार्यक्रमहरू र परियोजनाहरूमा निर्णय गर्ने प्रक्रियामा उनीहरूको सहभागिता 'सक्रिय, स्वतन्त्र र अर्थपूर्ण' हुनुपर्छ।

४ पक्षहरू

विकासको अधिकारले प्रत्येक व्यक्ति र सबै जातजातिहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकासको परिकल्पना गर्छ।
यो अधिकार आफैंमा एउटा लक्ष्य पनि हो र सबै मानव अधिकार र मौलिक स्वतन्त्रता सुनिश्चित गर्ने माध्यम पनि।



५
सिद्धान्तहरू

न्यायसंगत वितरण:
राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय विकास नीतिहरूले सम्पूर्ण जनसंख्या र प्रत्येक व्यक्तिको जीवनस्तरमा निरन्तर सुधार ल्याउने लक्ष्य राख्नुपर्छ, र विकासबाट हुने फाइदाहरूको न्यायसंगत रूपमा वितरण सुनिश्चित गर्नुपर्छ।





अन्तर्सम्बद्धता (Intersectionality):
धेरै व्यक्ति र समुदायहरूले विभिन्न प्रकारका विभेदहरू एकैसाथ भोगिरहेका हुन्छन्, त्यसैले विकासको अधिकार जात, रंग, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक मूल, सम्पत्ति, जन्म वा अन्य कुनै आधारमा भेदभाव नगरी आफैले सुनिश्चित गरिनुपर्छ।

पुस्तान्तरणीय समानता:
विकासको अधिकारले पृथ्वीको वातावरणीय प्रणाली नष्ट गर्ने अनुमति दिँदैन, न त भविष्यका पुस्ताहरूको विकास गर्ने क्षमतालाई कमजोर पार्न मिल्छ।
विकासको अधिकार यसरी कार्यान्वयन गर्नुपर्छ कि वर्तमान र भविष्य दुवै पुस्ताहरूका विकास र वातावरणसम्बन्धी आवश्यकताहरू समान रूपमा पूरा हुन सकुन्।





आत्मनिर्णय:
जनताहरूलाई आफ्नो आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक विकास आफैंले निर्धारण गर्ने अधिकार हुन्छ, जुन अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूमा सुनिश्चित गरिएको छ।
आत्मनिर्णयको अर्थ हो—जनताहरूलाई आफ्ना प्राकृतिक स्रोत र सम्पत्तिमाथि पूर्ण सार्वभौमसत्ता हुनु।

अन्तर्राष्ट्रिय सहयोग:
सबै मानिसको विकासको अधिकार सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहयोग अनिवार्य हुन्छ, विशेषगरी विकासोन्मुख देशहरूका लागि।
राज्यहरू र अन्य पक्षहरूबीचको सहयोगले यस अधिकार प्राप्तिमा बाधा हुने तत्वहरू हटाउन महत्वपूर्ण भूमिका खेल्दछ।



मूल्य अभिवृद्धि

विकासको अधिकारले:





- मानिसका सक्रिय भूमिका (agency) लाई मान्यता दिन्छ
- मानव अधिकारका सामूहिक पक्षहरूको महत्त्वलाई उजागर गर्छ



- मानव अधिकारहरूको अविभाज्यता, परस्पर निर्भरता र अन्तर्सम्बन्धलाई देखाउँछ



- सक्रिय, स्वतन्त्र र अर्थपूर्ण सहभागिताको महत्त्वमा जोड दिन्छ



- अन्य सबै मानव अधिकारहरू प्राप्त गर्ने प्रक्रिया प्रदान गर्छ
- शान्ति र विकासका लागि निशस्त्रीकरण (disarmament) को महत्त्वमा जोड दिन्छ





- सहयोग गर्नुपर्ने राज्यहरूको कर्तव्यलाई प्राथमिकता दिन्छ



- अन्याय समाधान गर्न निष्पक्ष अन्तर्राष्ट्रिय आर्थिक संरचना निर्माणको प्रवर्द्धन गर्छ

SPECIAL PROCEDURES
UNITED NATIONS
HUMAN RIGHTS COUNCIL

विकासको अधिकारसम्बन्धी विशेष प्रतिवेदनकर्ता (Special Rapporteur) सँग संलग्न हुनुहोस् / सम्पर्क गर्नुहोस्

hrc-sr-development@un.org

www.ohchr.org/en/special-procedures/sr-development

@UNSRdevelopment

www.linkedin.com/in/surya-deva-professor/

www.youtube.com/@ProfSuryaDeva

This is an unofficial translation in Nepali, prepared by Mr Aditya Raut